# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २९ फागुन २०८०

# मङ्गलबार

# बैठक सङ्ख्या- १२

राष्ट्रिय सभाको आजको बैठक माननीय उपाध्यक्ष श्री उर्मिला अर्यालको अध्यक्षतामा दिनको ११:३२ बजे प्रारम्भ भयो।

**(११:३२ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, अब राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७ बमोजिम राष्ट्रिय सभाको अध्यक्ष पदको निर्वाचनसम्बन्धी प्रक्रिया प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अध्यक्ष पदको निर्वाचन कार्यक्रमअनुसार अध्यक्ष पदमा माननीय सदस्य युवराज शर्मा र माननीय सदस्य नारायणप्रसाद दाहाललाई निर्वाचित गरियोस् भन्ने दुईवटा प्रस्तावको सूचना प्राप्त हुन आएको बेहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू, अब म माननीय सदस्य युवराज शर्मालाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावका प्रस्तावक माननीय सदस्य आनन्दप्रसाद ढुंगानालाई आफ्नो प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु। समय ७ मिनेट।

**(११:३४ बजे)** **<u>माननीय श्री आनन्द प्रसाद ढुंगाना (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज म राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचन भइरहेको अवस्थामा आफ्ना पक्षका उम्मेदवार माननीय युवराज शर्माजीलाई प्रस्ताव गरेको छु। उहाँ यो देशको राजनीतिमा लामो

समयसम्म सङ्घर्ष गरेको व्यक्ति हुनुहुन्छ। उहाँले आफ्नो जीवनको विद्यार्थी कालदेखि नै २०२४ सालदेखि उहाँले आफ्नो राजनीतिक यात्रा सुरु गर्नुभयो र अनवरत अहिलेसम्म सङ्घर्षरतै हुनुहुन्छ। यो संघीय लोकतान्त्रिक गणतन्त्र संविधान जारी गर्ने बेलासम्म सदैव उहाँले विभिन्न यो देशको राजनीतिक परिस्थितिमा आफूलाई उभ्याइराख्नुभयो, लडिराख्नुभयो, सङ्घर्ष गरिराख्नुभयो। जसका कारण नेपाल विद्यार्थी सङ्घको दोस्रो महाधिवेशन चितवनमा भएको थियो। जसमा हाम्रा सभापति पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा अध्यक्ष भएको बेलामा उहाँ मध्यपश्चिमाञ्चलबाट उपसभापति भएर पनि विद्यार्थी राजनीति सुरु गर्नुभयो र विभिन्न चरणमा चाहे ३६ साल होस्, चाहे ४२ साल होस् या विभिन्न चरणको जेल यात्रामा उहाँ खरो रूपमा उत्रेर काम गर्नुभयो। तसर्थ उहाँलाई मैले प्रस्ताव गरेको छु। उहाँ नेपाली काँग्रेसको ४५ सालमा बाँके जिल्लाको सभापति हुनुभो र ४६ सालको आन्दोलनमा नेपालको राजनीतिमा चाहिँ नि गएर भूमिका खेलेबापत २०४६ पछि यो देशमा बहुदलीय व्यवस्थाको सुरुवात भयो र आज उहाँ राष्ट्रिय सभाको अध्यक्षको रूपमा हाम्रा अगाडि हामीले मैले उहाँलाई प्रस्ताव गरेको छु।

हुनत देशको राजनीतिका बारेमा पनि केही न केही कुराहरू राख्नुपर्छ जस्तो मलाई लाग्छ। साँच्ची भन्ने हो भने म राष्ट्रिय सभाभन्दा पहिले प्रतिनिधिसभामा धेरै पल्ट आएको हो, राष्ट्रिय सभाको अनुभव मलाई थिएन तर राष्ट्रिय सभामा आउँदै गर्दा राष्ट्रिय सभाका मित्रहरूले मलाई के भन्नुभयो भने राष्ट्रिय सभा त समयमा चल्छ। हामी प्रतिनिधिसभामा बस्दै गर्दा ११ बजे संसद चल्ने भनेर नोटिस हुन्थ्यो। ६ बजे रातिसम्म हामी विभिन्न चरणमा वार्ता गर्दै गर्दा ६ बजेमा चाहिँ नि गएर संसद सुरुवात हुन्थ्यो। त्यस्तै संसद भनेको यो विद्यार्थीहरूले बसेर स्कुलमा १० बजे घण्टी लागेपछि आउने र ४ बजे घण्टी लागेपछि छुट्टी हुने संस्था यो होइन। यो जनताको संस्था हो। जनताले तपाईंको चाहिँ नि गएर आफ्ना कुरा आफ्ना प्रतिनिधिमार्फत सदनमा बोल्न पाउनुपर्छ, भन्न पाउनुपर्छ, राख्न पाउनुपर्छ। अनि मात्रै हामीले चाहिँ यो देशको विकास र यो देशको परिस्थितिलाई बदल्न सक्छौं र नेपाली जनताले जुन चाहिँ इच्छा गरेका छन्, जुन चाहना राखेका छन्, जुन परिस्थितिमा नेपाली जनताले यत्रो ठुलो परिवर्तन यहाँ नेपाली जनताहरूले फाँसी चढेका छन्, गोली खाएका छन्, जेल बसेका छन्, हिन्दुस्थानमा बसेका छन्, अनि यो प्रजातन्त्र आएको छ। त्यसै प्रजातन्त्र आएको होइन। हामीले पनि नेपाली जनताको अगाडि बाचा गरेका थियौं। हामी यो देशलाई चाहिँ नि गएर तपाईंको अधिकारलाई सम्पन्न नागरिक अधिकारलाई हामी चाहिँ सम्पन्न गराउँछौं भनेर भन्यौं तर आज हामी कुन अवस्थामा छौं? आज हामीले के गरिरहेका छौं? अब हाम्रा प्रधानमन्त्री भन्नुहुन्छ म बाँचुञ्जेलसम्म यसरी अल्टलपल्टल गरिरहन्छु। मलाई नि याद आयो हाम्रो पडोसी राष्ट्र बिहारका चाहिँ नि गएर चिफ

मिनिस्टर नितिश कुमार नौ पल्ट अल्टल पल्टल गर्नु भारैछ। उहाँले सरकार बदल्दा, यताउति गर्दाखेरी र उहाँलाई पल्टुराम भन्दारहेछन् बिहारभरि। तपाईं बसमा हिँड्नुभयो भने अब यो कुरा मैले यसकारण राख्न खोजें कि प्रधानमन्त्री जस्तो मान्छेले म बाँचुन्जेल चाहिने गएर म पल्टनसल्टन गराइराख्छु भन्न मिल्दैन। किनभने स्थिरताको लागि हामीले गठबन्धन गरेका थियौं। हामीलाई नेपाली जनताले, हामीले मत माग्दै जाँदा ७९ मा हामीले भन्यौं हामी यो देशमा संघीय लोकतान्त्रिक गणतन्त्र संविधानलाई व्यवस्थित गर्छौं। यो संविधानका लागि हामी लडेका हौं। साँच्ची नै यो संविधानप्रति हामी इमान्दार हौं भने हामीले जनताले दिएका म्यान्डेट चाहिने गएर यो अल्टनपल्टन गर्ने चाहिँ म्यान्डेट दिएका होइनन्। तपाईं कहिले यता कहिले उता पदका लागि गरिराख्नु भनेर दिएको होइन। तर हामीले के गरेका छौं, हामीले कसैलाई आरोप लगाउँदै गर्दा कसैका बारेमा कुरा गर्दै गर्दा आफ्नो अनुहार पनि हामीले हेर्न सक्नुपर्छ ऐनामा, मलाई लाग्छ। त्यसैले म के भन्न चाहन्छु भने अहिले जुन राजनीतिको बाटो आएको छ, जुन बाटो लिइराख्या छ, जुन कोर्स लिइराख्या छ, प्रधानमन्त्रीले जुन कोर्स लिँदै हुनुहुन्छ, त्यसले के देखिन्छ भने देशमा स्थिरता हुने भएन, देश स्थिर जाने भएन। जसरी हिजोको संविधानमा तपाईंको प्रधानमन्त्रीलाई चाहिँ विशेष अधिकार थियो संसद भङ्ग गर्ने। हामीले किन विशेष अधिकार प्रधानमन्त्रीलाई दिएनौं? किन दिएनौं भने प्रधानमन्त्रीहरूले जनताले पठाएका प्रतिनिधिलाई जुनबेला मन लाग्यो त्यो बेलामा भङ्ग गर्दिने, जुनबेला मन लाग्यो त्यो बेलामा सिध्याइदिने। यसले गर्दाखेरि के हो भने जनताका आकाङ्क्षाहरू पूरा भएनन्, विकास भएनन्, देश स्थिरतामा गएन। कुनै पनि प्रधानमन्त्री अहिलेसम्म पाँच वर्ष सरकार चलाउने अवस्थामा रहेन। त्यसैकारणले हामीले दुईटा कुरालाई बडो तपाईंको चाहिँने गएर मार्मिक रूपमा राख्यौं। एउटा तपाईंको चाहिँ नि गएर कुनै पनि अवस्थामा प्रधानमन्त्रीले संसदभित्र एक जनालाई पनि उभिएर म सरकार बनाउन सक्छु भनुन्जेल संसद भङ्ग गर्न पाँइदैन। अर्को एकपटक अविश्वासको प्रस्ताव लगाएपछि दुई वर्षसम्म लगाउन पाइँदैन। किन गरिएको हो? के यत्रो ठुलो सङ्घर्ष गरेर हामीले यसैको लागि कि अल्टन पल्टन गरिराख्ने? अनि देशमा अस्थिरता ल्याइराख्ने? आज अस्थिर बनाउँदैछ। आज चाहिँने गएर हामी भन्दै छौं प्रतिक्रियावादीहरूले चाहिँने गएर देशमा चाहिँने टाउको उठाउन थाले भन्दै गर्दा हामीले के गरिराख्या छौं? त्यो पनि सोच्नुपर्ने अवस्था आउनुपर्ने हो। त्यसैले म के भन्न चाहन्छु भने प्रधानमन्त्रीले जुन जुन कुराहरू अहिले चाहिँने गएर बोलिराख्नु भाछ, जुन पछिल्ला गीत गाउनुभाछ। त्यसले गर्दाखेरि प्रतिपक्ष, यो सत्ताको विरोधी शक्तिहरू जसले चाहिँ नि गएर विभिन्न कुराका कोणहरूमा चाहिँने गएर ठाउँ ठाउँमा कुरा राख्या छन्। तिनीलाई बल पुऱ्याउने काम प्रधानमन्त्री तहबाट भइरहेको छ। यो सरकारबाट भइरहेको छ भनेर म ठोकुवा गर्न चाहन्छु। अर्को कुरा के भन्न चाहन्छु भने यो देशमा जबसम्म हामीले

साँच्चै नै सङ्घर्ष गरेका हौं। हामीले साँच्चै नै यो देशको, नेपाली जनताको मुहार फेर्न खोजेका हौं? साँच्चै यो देशमा चाहिँ नि लोकतन्त्र, प्रजातन्त्रलाई बलियो बनाउन खोजेका हौं भने ती सहिदहरू जल्ले चाहिँ योगदान गरे आज सहिदको नाउँमा पैसा बाँड्ने भन्ने कुराहरू आएका छन्। तपाईंको चाहिँने गएर यी कुराहरू सम्झाउनुभाछ, तिनीहरूले किन सङ्घर्ष गरेका हुन? किन फाँसी चढेका हुन्? किन गोली खाएका हुन्? किन जेलमा बसेका हुन्? सम्झाउनुभाछ तपाईंले? मलाई लाग्दैन अहिलेको प्रधानमन्त्रीले सम्झेर उहाँ हिँडिराख्नु भाको जस्तो मलाई लाग्दैन। यो देशमा कुनै पनि अर्को दुर्घटना घट्न गयो, दुर्घटनाबाट परिस्थिति बदल्न गयो भने सारा दोषको भागी अहिलेका प्रधानमन्त्री हुनुहुन्छ भन्ने कुरा राख्दै आफ्नो कुरा यहीं टुङ्ग्याउँछु।

र अन्तमा म चाहिँ गाउँमा आफ्नो प्रस्ताव राखेको माननीय युवराज शर्माका बारेमा म आफ्नो प्रस्ताव पढेर सुनाउँछु। सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य युवराज शर्मालाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव सम्मानित सभासमक्ष प्रस्तुत गर्छु। धन्यवाद।

(११:४२ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, अब म, माननीय सदस्य युवराज शर्मालाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावका समर्थक माननीय सदस्य किरण बाबु श्रेष्ठलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु। समय ५ मिनेट।

(११:४३ बजे) <u>**माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काँग्रेस)**</u>:- यस सम्मानित सभाका सम्माननीय अध्यक्ष महोदय आज हामी यस सभाको मियो जसले यस सभालाई अभिभावकत्व प्रदान गर्दछ जसले सभालाई कुशलतापूर्वक निष्पक्ष रूपले सञ्चालन गर्न सक्दछ। जसले यो सभाको गरिमा र उचाइलाई अझ बढाउन सक्छ। त्यस्ता व्यक्तिको निर्वाचन गर्ने क्रममा आज हामी उपस्थित भएका छौं। मैले समर्थन गर्ने व्यक्तिलाई प्रस्तावक माननीय आनन्दप्रसाद ढुंगानाले यहाँ प्रस्ताव गरिसक्नुभएको छ र उहाँको विषयमा विस्तृत रूपमा उहाँले बताइसक्नुभएको छ। त्यसकारण म उहाँको विषयमा धेरै भनिरहनु पर्छ जस्तो मलाई लाग्दैन। एउटा व्यक्ति जो निरन्तर ५०/५१ वर्षसम्म नेपालको राजनीति त्यो पनि विपक्षको राजनीति, अप्ठ्यारो अध्यारो दिनको राजनीतिबाट अगाडि बढ्दै आजसम्म यहाँ आइपुग्ने व्यक्ति युवराज शर्मा। जेल, नेल, यातना यो मुलुकको प्रजातन्त्रको सङ्घर्षमा निरन्तर लाग्ने व्यक्ति युवराज शर्मा। उहाँ जस्तो एउटा व्यक्तिलाई आज हामीले अध्यक्ष जस्तो गरिमामय पदमा समर्थन गर्न पाउनु मैले आफूलाई हर्षको अनुभव गरेको छु। गर्वको अनुभव गरेको छु। मलाई मैले समर्थन गरेको

हाम्रो युवराज शर्मालाई आदरणीय माननीय सदस्यज्यूहरूले आफ्नो अमूल्य मत दिएर निर्वाचित गरिदिनुहुनेछ भन्ने पनि मैले विश्वास गरेको छु। आज राजनीतिले नयाँ मोड लिइरहेको छ। हिजो हामी एउटा गठबन्धनमा थियौं। आज अर्को नयाँ गठबन्धन बनेको छ र सरकार फेरिएको छ। गठबन्धन आउनु जानु कुनै नौलो कुरा हो जस्तो मलाई लाग्दैन। यद्यपि आज हामीले विचार गर्नुपर्ने कुरा के छ भने हामीले कुन कारणले हिजो एउटा गठबन्धन बनायौं? कुन आवश्यकता थियो त्यो गठबन्धनको? त्यो गठबन्धनको आवश्यकता महत्त्व र औचित्यको बेला बेलामा लामो व्याख्या गऱ्यौं। त्यो व्याख्यासहित जनताको माझमा गएर भोट माग्यौं। जनताले हामीलाई भोट दिए, अनुमोदन गरे, त्यही अनुमोदन अनुसार हामीले सरकार बनायौं तर एक डेढ वर्ष पुग्दा नपुग्दै आज के कारणले त्यो गठबन्धन भत्कियो? जनताको माझमा गएर हामीले बोलेका वाचा कबुलहरूलाई आज हामीले जवाफ के दिने हो? यो इतिहासले समीक्षा गर्नेछ। इतिहासले मूल्याङ्कन गर्ला हामी त गर्दैछौं गरौंला। तर यो विषयमा हामीले यदि गम्भीर बनेनौ भने यो गठबन्धन बन्नु, भत्किनु, सरकार बन्नु नबन्नुसँग कुनै महत्व राख्छ जस्तो मलाई लाग्दैन। यो संविधान यो व्यवस्था कुनै एउटा व्यक्तिलाई पदमा आसीन गराउन ल्याइएको व्यवस्था होइन। यो व्यवस्था कसैलाई सत्तामा ल्याउन मात्र बनाइएको व्यवस्था पनि होइन। हजारौं लाखौं जनताले लामो बलिदान गरेर सहादत प्राप्त गरेर ल्याएको यो व्यवस्था यो मुलुकको सामाजिक आर्थिक परिवर्तन गर्न जनताको मुहार हँसाउन यो मुलुकको सुशासन कायम गर्न ल्याइएको व्यवस्था हो। तर आज कहाँ पुगेको छ? के गर्दैछौ हामी? राजनीति गर्नु भनेको इतिहास निर्माण गर्नु पनि हो। कस्तो इतिहास बनाउन खोज्दैछौ हामी? यो मुलुकमा आज जुन ढङ्गको काम क्रियाकलाप भइरहेको छ सत्तामा बस्नेहरूबाट। कुर्सीमा बस्नेहरूबाट, राजनीतिक नेतृत्व गर्नेहरूबाट, यसबाट जनता सन्तुष्ट छन्? यो आज हामीले मूल्याङ्कन गर्ने कि नगर्ने? हामीले मनन गर्ने कि नगर्ने ? यसरी नै गयो भने आज व्यवस्थामाथि जुन किसिमका चारैतिरबाट प्रहार हुने कोसिसहरू भइरहेको छ। त्यसलाई मलजल हुन्छ कि हुँदैन, यो सोच्नुपर्ने आवश्यकता छ भन्ने मलाई लाग्छ।यो परिवर्तित सन्दर्भमा नेपाली काँग्रेसले, हामीले युवराज शर्मालाई उम्मेदवार बनाएका छौं। हामीलाई थाहा छ चुनाव हार्नु जित्नु ठूलो कुरा होइन। चुनाव हार्न सक्छ तर चुनाव हार्दैमा त्यो राजनीतिक पार्टी समाप्त हुँदैन त्यो नेता समाप्त हुँदैन चुनाव हारेर पनि जसले सिद्धान्त हार्दैन, जसले आदर्श हार्दैन, जसले नैतिकता हार्दैन, जसले इमान गुमाउँदैन, त्यो साँचो अर्थमा नेता हो, साँचो अर्थमा राजनीतिक पार्टी हो। नेपाली काँग्रेसले एक्लै २०३६ सालमा जनमत सङ्ग्रह चुनाव लड्यो। २४ लाखका विरुद्ध २० लाख ल्यायो। तर हामीले सिद्धान्त हारेनौं। हामीले आदर्श छोडेनौ र ४६ सालको आन्दोलनमा हामीले नेतृत्व गरेर यो मुलुकमा प्रजातन्त्र स्थापित गरेर छाड्यौं। त्यसकारण हाम्रो उम्मेदवारले चुनाव हार्नुहोला जित्नुहोला त्यो

आफ्नो ठाउँमा रहला तर हामी हाम्रो सिद्धान्त र आदर्शलाई हार्न दिँदैनौं। हामी सिद्धान्त आदर्शमा सम्झौता गर्दैनौं। अनि इमान र नैतिकता माथि कहिले सम्झौता गर्दैनौं। र यसैले तपाईंहरूले आदरणीय माननीय सदस्यज्यूहरूले हाम्रो उम्मेदवारलाई अत्यधिक मतका साथ जिताएर एउटा परिपक्व व्यक्ति, अनुभवले खारिएको व्यक्तिलाई यो नेतृत्व गर्ने मौका दिनुहुनेछ भन्ने आशा एवं विश्वास गर्दै मेरो सानो भनाई अन्त्य गर्छु धन्यवाद जय नेपाल र म अन्त्यमा मेरो समर्थनलाई यहाँ पढेर सुनाउँछु। सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य आनन्दप्रसाद ढुंगानाले प्रस्तुत गर्नुभएको माननीय सदस्य युवराज शर्मालाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावलाई म समर्थन गर्दछु। धन्यवाद।

(११:४९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म, माननीय सदस्य युवराज शर्मालाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावका अर्का समर्थक माननीय सदस्य शेखर कुमार सिंहलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु। समय ५ मिनेट।

(११:५० बजे) **माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, यो मेरो लागि धेरै सुखद क्षण हो। मैले आफ्नै नेतालाई आज आफ्नो मत दिएर छान्न पाउँछु यो अवसर पनि हामीलाई जुट्यो। अगाडिको आउँदाआउँदै हामी दुई वर्ष ढिलो भइसकेको थियो। जाँदा जाँदा बखतमा हामीले आफ्नो नेता चुन्न मौका पाए त्यसको लागि म हर्षित छु। माननीयज्यू हाम्रो पार्टी लोसपा पनि हाम्रो माननीय आनन्द प्रसाद ढुंगानाजीले प्रस्तावक बस्नुभएका माननीय युवराज शर्माले समर्थन गर्ने निर्णय गर्या छ। त्यसैमा समर्थनको लागि म पनि यो ड्यासमा उभिएको छु। मेरा पार्टी र मेरा तर्फबाट पनि युवराज शर्माजीले समर्थन छ र समर्थन दिन म ड्यासमा उभिएको छु। निश्चित रूपमा राजनीतिमा गठबन्धनहरू आउँदै गर्छन् जाँदै गर्छन् हामी पनि यो चार वर्षको संसदीय अभ्यासमा धेरै पल्ट देखिसक्या छु भोगिसक्या छु तर निश्चित निश्चय नै यो कुरो राम्रो होइन। यो एउटा स्थिरता हुनुपर्छ राजनीतिमा स्थिरता भएन भने मुलुकले पनि स्थिरता पाउन गाह्रो पर्छ त्यसलाई हामीले बिर्सिनु हुँदैन। राजनीतिकर्मी साथीहरू सबै हामी यहाँ खारेर आएको छौं। भन्ने पनि गर्छ एउटामा सरकार सरकारको हुन्छ सदन प्रतिपक्षको हुन्छ। त्यो हैसियतले पनि हाम्रा उम्मेदवार प्रतिपक्षको हुनुहुन्छ। सबै माननीय साथीहरूले हाम्रो उम्मेदवारले मत गर्नुहुन्छ भने म विश्वासका साथ म मत माग्न पनि चाहिराखेको छु। अब पनि आउने दिनमा पनि यो मुलुकमा राजनीतिक स्थिरता आओस् र हामीले गठबन्धन गर्ने बाध्यता नै छ। किन संसदीय संरचनाको अनुसारले

गठबन्धन नगरीकन सरकार बन्न सक्दैन। त्यसलाई स्थायित्व दिने पनि आवश्यकता हामीले महसुस गरेर यसलाई स्थायित्व पनि दिनुपर्छ। यो निश्चित रूपमा हाम्रो सूचक राम्रो गइराख्या छैन। यसको भागी को हुने हो? त्यो आफै बुझ्ने कुरो हो। यसलाई हामी निरन्तरता बढ्ता दियो भने हामी के के गरेर के उपलब्धि पाएका छौं? कुन मोडमा गएर हामीले के कुरो बिर्सिनुपर्छ त्यो चाहिँ अवस्था नआओस् भन्ने म आग्रह गर्न चाहन्छु। साथै हाम्रो उम्मेदवारको बारेमा हाम्रो प्रस्तावकर्ता हाम्रो समर्थनकर्ताले सबै विस्तृत विवरण सुनाई नै दिनुभा छ मैले सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य आनन्दप्रसाद ढुंगानाले प्रस्तुत गर्नुभएको माननीय सदस्य युवराज शर्मालाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावमा समर्थन गर्दछु। धन्यवाद। साथै माननीय साथीहरूले मैले आग्रह गरेको कुरो सदन त प्रतिपक्षको हुन्छ ख्याल गरिदिनुहोला। धन्यवाद।

(११:५४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म,माननीय सदस्य नारायण प्रसाद दाहाललाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने दर्ता क्रामानुसारको दोस्रो प्रस्तावका प्रस्तावक माननीय सदस्य गोपी बहादुर सार्की आछामीलाई आफ्नो प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु। समय ७ मिनेट।

(११:५४ बजे) **<u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, म आज यो राष्ट्रिय सभामा हाम्रो चार दल नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र, नेपाल कम्युनिस्ट पार्टी एमाले, नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादी र जनता समाजवादी पार्टीको तर्फबाट साझा उम्मेदवारको रूपमा राष्ट्रिय सभाको सम्माननीय अध्यक्ष पदको उम्मेदवार माननीय नारायण दाहाल जसको चाहिँ राजनीतिक आन्दोलनको चाहिँ एउटा लामो इतिहास छ। उहाँले चाहिँ २०२७ सालदेखि चाहिँ विद्यार्थी राजनीतिक आन्दोलनमा सक्रिय भएर चाहिँ आफ्नो राजनीतिक यात्राको चाहिँ सुरुवात गर्नुभएको छ। त्यसैगरी २०३१ सालबाट कम्युनिस्ट पार्टीको चाहिँ राजनीतिक आन्दोलनमा पार्टी कमिटीको जिम्मा लिएर पार्टी सदस्यको रूपमा चाहिँ काम गर्नुभएको छ र त्यसैगरी विभिन्न चरणमा अखिल नेपाल भारतीय एकता समाजको चाहिँ जिम्मेवारीमा रहेर अध्यक्षको रूपमा कोषाध्यक्षको रूपमा महासचिवको रूपमा काम गर्नुभएको छ। त्यसपछि १० वर्षको जनयुद्धको क्रममा आफ्नो भूमिगत यात्रा सुरुवात गर्दै सक्रिय रूपमा चाहिँ जनयुद्धमा आफ्नो महत्वपूर्ण भूमिका पूरा गर्दै ६२/६३ को चाहिँ जनआन्दोलन पछि ६३ सालमा चाहिँ अन्तरिम

व्यवस्थापिकाको सांसद ६४ सालमा संविधानसभाको सदस्य र अहिले राष्ट्रपतिबाट चाहिँ मनोनित भएर राष्ट्रिय सभाको माननीय सदस्यको रूपमा र नेपाली कम्युनिष्ट आन्दोलन र नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको चाहिँ स्थायी कमिटी सदस्यको रूपमा चाहिँ काम गर्दै आउनुभएको एउटा इमान्दार, कर्मठ, कुशल, शालीन व्यक्तित्वको रूपमा चाहिँ यहाँ आज साझा उम्मेदवार हामी चार दलीय चाहिँ समीकरण त्यसैगरी राष्ट्रपतिबाट चाहिँ मनोनित हुनुभएका आदरणीय माननीय सदस्य सहितको चाहिँ साथ सहयोगमा चाहिँ यहाँ उम्मेदवारको रूपमा चाहिँ जसरी हामीले प्रस्तुत गरेका छौं म निवेदन गर्न चाहन्छु। सबै माननीय सदस्यहरू, नेपाली काँग्रेसका अरु माननीय सदस्यहरू पनि र सबै उपस्थित माननीय सदस्यहरूलाई हाम्रो साझा उम्मेदवारको रूपमा चाहिँ उहाँलाई समर्थन गरिदिनु, मतदान गरिदिनुहुन मेरो आफ्नो तर्फबाट र म प्रस्तावकको तर्फबाट चाहिँ यहाँहरूलाई हार्दिक निवेदन र अनुरोध पनि गर्न चाहन्छु। हामीलाई थाहा छ यो समीकरण बदलिएको छ। हिजोको गठबन्धन एउटा आवश्यकताले भएको गठबन्धन थियो र आजको गठबन्धन या समीकरण यो अहिलेको आवश्यकताले भएको छ। हामीले १० वर्षको सशस्त्र क्रान्ति १९ दिनको जनआन्दोलन र सबै परिवर्तनकारी आन्दोलनको जोड बलले देशमा ठुलो उथलपुथल र ठुलो परिवर्तन गरेका छौं। २४० वर्ष पुरानो सामन्ती एकीकृत र केन्द्रीकृत राजतन्त्रको अन्त्य गरेर हामीले समावेशी संघीय लोकतान्त्रिक गणतन्त्र चाहिँ स्थापित गरेका छौं। यहाँ सबैको महत्वपूर्ण भूमिका छ, नेपाली काँग्रेसको पनि छ, नेपालमा भएका कम्युनिस्ट पार्टीहरूको पनि छ र सबै परिवर्तनकारी राजनीतिक पार्टीहरूको सबैको चाहिँ भूमिकाबाट नै यो मान्यता स्थापित भएको छ। यो परिवर्तन भएको छ र यो परिवर्तन स्थापित पनि भएको छ यो संस्थागत हुँदै अगाडि पनि बढेको छ। अहिले हामी फेरि एउटा आवश्यकताले देशमा भएका वामपन्थी शक्तिहरू परिवर्तनकारी शक्तिहरू र सबै नयाँ शक्तिहरूको बीचमा अहिले नयाँ ढङ्गको चाहिँ समीकरण हुँदै राजनीतिक स्थायित्वतर्फ देशलाई लाने सुशासन कायम गर्ने आर्थिक समृद्धि हुँदै सामाजिक न्याय र हामी समाजवादको चाहिँ दिशातर्फ संविधानमा पनि हामी एउटा समाजवाद उन्मुख राज्यको चाहिँ परिकल्पना गरेका छौं एउटा न्यायिक समाजको चाहिँ परिकल्पना गरेका छौं। विभेदको अन्त्यको चाहिँ परिकल्पना गरेका छौं र सबै जातजाति भाषाभाषी र सबै क्षेत्रमा उत्पीडनमा परेका नेपाली जनताको चाहिँ मुक्ति न्याय र स्वतन्त्रताको चाहिँ परिकल्पना सहित एउटा प्रतिबद्धता जाहेर गरेर अगाडि बढिराखेका छौं र यो आवश्यकताले फेरि हामी अहिले अगाडि एउटा समीकरण बनाएर चाहिँ अगाडि बढिराखेका छौं। यसमा अघि पूर्ववक्ता माननीयज्यूहरूले बोलेको कुरामा मैले खास केही भन्नु छैन। यो परिस्थिति बदलियो र यो बदलिएको परिस्थिति अनुसारै अब हामी परिवर्तनकारी शक्तिहरू, वामपन्थी शक्तिहरू र नयाँ शक्तिहरू, यो देशलाई नयाँ ढङ्गले देशमा सुशासन कायम गर्दै, बेथितिहरूको अन्त्य गर्दै

सामाजिक न्याय र समृद्ध नेपाल निर्माण गर्ने अनि हाम्रो मूलभूत ध्येयलाई अगाडि बढाउने जुन उद्देश्यका साथ एउटा सङ्कल्प गरेर अगाडि बढेका छौं र यो उचित, जायज र आवश्यक थियो र यो समयको माग पनि हो भन्ने विषय राख्न चाहन्छु र म फेरि अन्तिममा के निवेदन गर्न चाहन्छु भने मेरो आफ्नो तर्फबाट प्रस्ताव गरिएका माननीय नारायण प्रसाद दाहाल जो राष्ट्रिय सभाको चाहिँ अध्यक्षको उम्मेदवार हुनुहुन्छ या चारवटा दलबाट माननीय देवेन्द्र दाहाल नेपाल कम्युनिस्ट पार्टी एमालेको तर्फबाट, माननीय बेदुराम भुसाल एकीकृत समाजवादीको तर्फबाट र माननीय मोहम्मद खालिद जनता समाजवादीको तर्फबाट चाहिँ समर्थक रहेका साझा उम्मेदवारलाई विजयी गराइदिनुहुनको निम्ति हार्दिक निवेदन र अपिल गर्दै म मेरो प्रस्ताव यहाँ पढेर सुनाउन चाहन्छु।

माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "माननीय सदस्य नारायण प्रसाद दाहाललाई अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१२:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म, माननीय सदस्य नारायण प्रसाद दाहाललाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावका समर्थक माननीय सदस्य देवेन्द्र दाहाललाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु।समय ५ मिनेट।

(१२:०८ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हामी आज यो सभाको नेतृत्व गर्ने यो सभाको सभाध्यक्षको लागि आज हामी सभाध्यक्ष बनाउनका लागि प्रक्रिया अगाडि बढाउने क्रममा यहाँ छौं। र माननीय यस सभाका सदस्य माननीय नारायण प्रसाद दाहाललाई यो सभाको अध्यक्ष बनाइयोस् भनेर माननीय गोपी बहादुर आछामीले प्रस्ताव गर्नुभएको छ र त्यो प्रस्तावलाई समर्थन गर्न म यहाँ उभिएको छु। र माननीय नारायण प्रसाद दाहालको बारेमा मैले धेरै कुराहरू भन्नु छैन। माननीय गोपी आछामीले पनि धेरै कुरा गरिसक्नुभएको छ। उहाँ लामो समयदेखि नेपालको खासगरी वामपन्थी आन्दोलनमा ५० वर्षभन्दा बढी समय व्यतीत गरिसक्नुभएको एउटा परिपक्व व्यक्तित्व हुनुहुन्छ। र उहाँ यसभन्दा अगाडि पनि २ पटक अन्तरिम व्यवस्थापिका संसद र संविधानसभाको सभाको पनि सदस्य भएर कार्यसम्पादन गरिसक्नुभएको छ। र उहाँ अहिले पनि उहाँ कुनै पार्टीसँग affiliation हुनुहोला तर पनि उहाँअहिले राष्ट्रपतिबाट मनोनित भएर यो सभामा प्रतिनिधित्व गरिराख्नुभएको छ। नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित भएर यो सभाको

प्रतिनिधित्व गरिराखुभएको छ। त्यसैले गर्दा स्वाभाविक रूपले अलि साझा व्यक्तित्वको रूपमा हामीले पनि लिएका छौं। हाम्रो पार्टीले हाम्रो दलले पनि लिएको छ र उहाँलाई म हृदयदेखि नै समर्थन गर्न चाहन्छु। र यो राष्ट्रिय सभा भनेको प्रबुद्धहरूको सभा हो हामीले धेरैपटक छलफल पनि गरिसकेका छौं। विषयवस्तु पनि राखिसकेका छौं। यसको गरिमालाई, यसको ओजलाई अझै माथि उठाउनका लागि सभाध्यक्षको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ र उहाँले त्यो भूमिका निर्वाह गर्न सक्नुहुन्छ भन्ने मैले विश्वास लिएको छु। यो राष्ट्रिय सभाका धेरै भूमिकाहरू, अगाडीका भूमिकाहरू, महत्वपूर्ण भूमिकाहरू छन्। यसका चुनौतीहरू पनि छन् हामीले कानुन निर्माणको सन्दर्भमा, हामीले गुणस्तरीय कानुन निर्माण गर्नुपर्नेछ। र ती गुणस्तरीय कानुन निर्माण गर्नका लागि यसले खेल्नुपर्ने भूमिका धेरै छन्। ती भूमिकालाई हामी सबैको प्रयत्नबाट सकारात्मक ढङ्गले राम्रो परिणामका साथ अगाडि बढाउन सक्छौं भन्ने मलाई लाग्छ यसमा जो यहाँ प्रस्तावित हुनुभएका अध्यक्ष हुनुहुन्छ अध्यक्षको लागि प्रस्तावित हुनुभएको छ। उहाँले उहाँको नेतृत्वमा यो सभा असाध्यै शानदार ढङ्गले राम्रो ढङ्गले हामी सबैलाई समन्वय गरेर अगाडि बढ्ने छ भन्ने मैले विश्वास लिएको छु। र मैले अरु कुराहरू धेरै गर्नु छैन। यो चाहे त्यो ०६२/०६३ को जनआन्दोलन पछि होस्, चाहे त्यो ४६ सालको जनआन्दोलन पछि होस्, नेपाली काँग्रेस अलि धेरै समय सत्तामा बस्यो। र हामी नेकपा एमाले चाहिँ प्रतिपक्षमै बस्न अलि रमाउँछौं। प्रतिपक्षमा धेरै भूमिका पनि निर्वाह गर्‍या छौं हामीले। त्यसैले गर्दा प्रतिपक्षमा जाँदाखेरि चाहिँ हामी धेरै आत्तिँदैनौं पनि। र प्रतिपक्षमा गयो भन्दैमा हामी कुनै बेहोसी कुरा पनि गर्दैनौं। त्यसैले गर्दा म अहिले प्रतिपक्षमा जानुभएको नेपाली काँग्रेसको साथीहरूलाई के आग्रह गर्न चाहन्छु भने उहाँहरूको एकजना नेताले भनेको शब्दमा दोहोर्‍याउन चाहन्छु नेपाली काँग्रेसकै नेपाली काँग्रेस अलि होशमा आउनुपर्छ अब भन्नुभाछ। त्यसले गर्दाखेरि प्रतिपक्षको भूमिकामा उहाँले असाध्यै राम्रो भूमिका खेल्नुहुनेछ र जो हामी अहिले सत्तापक्ष भएका छौं हामीहरूले पनि उहाँहरूबाट अनुसरण गर्न सकौं। भोलि किनभने हामी पनि प्रतिपक्षमा जान सक्छौं। त्यसो हुँदाखेरि उहाँले अहिले जे भूमिका निर्वाह गरिराखुभएको छ त्यसबारेमा चाहिँ हामीले पनि शिक्षा लिन पाए राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ। अरु कुराहरू धेरै छैन, गठबन्धनको बारेमा मैले भन्न धेरै छैन। यो समयको माग हो, आवश्यकता हो र हिजो नेकपा एमालेलाई एक्लै कर्नरमा पारेर यो गठबन्धन गरौं भनेर साथीहरूले गर्नुभयो, अभ्यास पनि गर्नुभयो र अब अहिले आएर अलि नयाँ ढङ्गबाट जाऔँ भनेर हामीले नेकपा एमाले सहितको संलग्नतामा यो गठबन्धन बनेको छ। यसलाई सफल पार्नु अहिलेको हाम्रो आवश्यकता हो भन्ने लाग्छ। र म यति भन्दै म यो, समर्थनको यो पढेर सुनाउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य गोपीबहादुर सार्की आछामीले प्रस्तुत गर्नुभएको "माननीय सदस्य नारायणप्रसाद दाहाललाई अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावलाई म समर्थन गर्दछु। धन्यवाद।

(१२:११ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू,अब म, माननीय सदस्य नारायण प्रसाद दाहाललाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावका अर्को समर्थक माननीय सदस्य डा. बेदुराम भुसाललाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु। समय ५ मिनेट।

(१२:१२ बजे)**माननीय डा. श्री बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकिकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी हाम्रो सभाको अध्यक्षको निर्वाचन गर्ने विषयमा छलफल गर्दैछौं। यस्तो विषयमा छलफल गरिरहँदा राजनीतिक बहस नगरौं जस्तो लाग्छ मलाई। यद्यपि मभन्दा पहिले बोल्ने केही वक्ताहरूले अलिअलि त्यतातर्फ जान खोज्नु भो। म चाहिँ त्यतातर्फ जान चाहन्न। र खाली अध्यक्षका निम्ति प्रस्तावित उम्मेदवारको बारेमा छोटो कुराकानी गरेर समर्थन मात्रै गर्न चाहन्छु। माननीय गोपीबहादुर अछामीले प्रस्तावित गर्नुभएको माननीय नारायण प्रसाद दाहाल, ५० वर्षभन्दा लामो राजनीतिक अनुभव भएको व्यक्ति, यो ५० वर्षको दौरानमा देशमा, देश बाहिर खुला, गुप्त अनेक हिसाबले सङ्घर्षमा लाग्नुभएको, राजनीति गर्नुभएको एउटा अनुभवी र सक्रिय व्यक्तित्व हुनुहुन्छ भन्ने कुरा त यहाँ चर्चा भइसकेको छ। मैले यसमा धेरै थपिरहनु पर्छ जस्तो पनि लागेन। संसदीय अनुभवको हिसाबले पनि उहाँले ०६२/०६३ को आन्दोलनपछि कायम रहेको अन्तरिम व्यवस्थापिका संसद जुन थियो त्यसमा रहेर काम गर्नुभएको र ६४ को निर्वाचनबाट निर्वाचित संविधानसभामा पनि रहेर काम गर्नुभएको, यो संसदीय क्षेत्रको अनुभव पनि यसरी प्राप्त गर्नुभएको र सँगसँगै यही राष्ट्रिय सभामा पनि दुई वर्षसम्मको अनुभव सङ्गाली सक्नुभएको, त्यो अनुभव लिइसक्नुभएको व्यक्तित्व भएको हुनाले उहाँ यो सभालाई सञ्चालन गर्नका निम्ति यो सभा जसरी सञ्चालित हुँदै आएको छ त्यसै अनुरूप र त्यो भन्दा पनि राम्रो गरी सञ्चालन गर्नका निम्ति उपयुक्त हुनुहुन्छ भन्ने लागेर नै हामीले पनि हाम्रो पार्टी, नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीले पनि उहाँलाई समर्थन गरेको हो। त्यसैले यिनै दुई शब्दका साथ म उहाँलाई हामीले गर्ने समर्थन पढेर सुनाउन चाहन्छु।

माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सम्माननीय सदस्य गोपीबहादुर सार्की आछामीले प्रस्तुत गर्नुभएको भएको "माननीय सदस्य नारायणप्रसाद दाहाललाई अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावलाई म समर्थन गर्दछु। धन्यवाद।

(१२:१५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म "माननीय सदस्य नारायण प्रसाद दाहाललाई अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावका अर्का समर्थक माननीय सदस्य मोहम्मद खालिदलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु। समय ५ मिनेट।

(१२:१६ बजे) **<u>माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, यस सभाका अध्यक्ष पदका लागि माननीय गोपीज्यूको प्रस्तावमाथि समर्थनको लागि उभिँदा म आफूलाई आज भाग्यशाली पनि र हर्षित पनि फिल गरिरहेछु। र देशको, प्रदेशको राजनीतिको बदलिँदो परिस्थितिमा सायद अत्यन्त अनुकूल पनि सिद्ध हुनेछ, मलाई लाग्छ। मैले धेरै कुरामा आफूलाई राजनीतिको एउटा विद्यार्थी ठान्छु, म पक्ष विपक्ष थोरै बुझ्छु। र मेरो राजनीतिको पृष्ठभूमि नेपाली काँग्रेस रहेकोले मैले उहाँबाट पनि धेरै पाठ सिक्या छु। २०५६ मा गिरिजाबाबुले कृष्णप्रसाद भट्टराईजीको नाउँमा चुनाव लड्नुभएको थियो काँग्रेसलाई लड्नुभएको थियो र बहुमत पनि पाउनुभएको थियो। एक वर्ष नबित्दा त्यो सरकार चाहिँ ढल्यो र भोलिको सबै पत्रपत्रिकामा उहाँको एउटा मार्मिक केरे सेन्टेन्स आएको थियो, यो प्रजातान्त्रिक अभ्यास हो। गठबन्धन बन्नु, बिग्रनु नयाँ आउनु, पुराना जानु आवतजावत यो एउटा लोकतान्त्रिक अभ्यास हो। र यतातिर हाम्रो कदम अगाडि बढ्दै गइरहेको छ। तर यो अभ्यास देश र जनताको हितको लागि हुनुपर्यो, हाम्रो दललाई पनि के लाग्यो भने कि यो गठबन्धनले जनतामा आएको निराशालाई अलि कम गर्ने अर्थतन्त्रलाई सम्हाल्ने शान्ति केरे सुरक्षामा अझ राम्रो काम गर्ने र सबै उपेक्षित, अपहेलित वर्गलाई हेर्ने काम हामी यो गठबन्धनबाट गर्छौं भन्ने जनता समाजवादी पार्टीले यसलाई अंगालेको छ। म अन्तमा माननीय गोपी अछामीजीले प्रस्तुत गरेको प्रस्तावलाई समर्थन गर्दै यो म वाचन यो समर्थनलाई म वाचन गर्न गइरहेको छु। माननीय अध्यक्ष महोदय अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य गोपी बहादुर सार्की आछामीले प्रस्तुत गर्नुभएको माननीय सदस्य नारायण प्रसाद दाहाललाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावलाई म समर्थन गर्छु। धन्यवाद।

**(१२:२१ बजे) सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको अध्यक्ष पदमा माननीय सदस्य युवराज शर्मा र माननीय सदस्य नारायण प्रसाद दाहाललाई निर्वाचित गरियोस् भन्ने दुई वटा प्रस्तावहरूमाथि सङ्क्षिप्त छलफल प्रारम्भ हुन्छ। उक्त छलफलमा भाग लिन दलीय प्रतिनिधित्वको आधारमा नाम प्राप्त हुन आएको छ। अब म, छलफलमा भाग लिन माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूका लागि ३ मिनेटको समय निर्धारण गरेको छु। माननीय सदस्य कमला पन्त।

**(१२:१६ बजे) माननीय श्री कमला देवी पन्त (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, आज यो राष्ट्रिय सभाको संसदको अभिभावकको निर्वाचनको अवसरमा हामी यहाँ उभिएका छौं। र हामी यो संसदको अध्यक्षको चयनमा छौं। र अघि म आनन्द प्रसाद ढुंगानाले प्रस्ताव गर्नुभएको माननीय युवराज शर्मालाई समर्थन गर्नको निम्ति यहाँ उभिएको छु र सम्पूर्ण माननीयज्यूहरूले उहाँको पक्षमा मत दिएर, एउटा खारिएको अनुभवी र सङ्घर्षशील व्यक्तिको पक्षमा मत हालेर विजय गराइदिनुहुनेछ भन्ने कुरामा म विश्वस्त छु। मत मागेको मात्रै होइन म विश्वस्त पनि छु।

सम्माननीय अध्यक्ष महोदय, एउटा हाम्रो राजनीतिमा एउटा समस्या आयो। समस्या के भनेको प्रतिपक्षमा को बस्छ, सत्तापक्षमा को बस्छ भन्ने भन्दा पनि हामीले २०७२ सालको संविधान कसरी निर्माण गरेका थियौं? संविधानको भावना के थियो? त्यसको मर्म के थियो? र हाम्रा श्रद्धेय नेता गिरिजाप्रसाद कोइरालाले सहमति, सहकार्य र एकताको कुरा गर्नुभएको थियो। र त्यो सधैं त्यो सहमति, सहकार्य र एकताको भाषण गरेर नसक्ने हाम्रा सम्माननीय प्रधानमन्त्रीज्यू हुनुहुन्छ। कम्तिमा पनि यो संसद्को अभिभावक को हुनसक्छ भनेर एउटा सहमतिको प्रयत्नसम्म पनि गर्नुभएन। कहाँ गयो त्यो सहमति सहकार्य र एकताको कुरा? प्रयत्नसम्म पनि गर्नुभएन बरु हाम्रो नेता एकजना नेताले के हो त यो सहमतिमा जान सकिँदैन भनेर प्रयत्न गर्नुभयो तर उहाँले गर्नुभएन र हाम्रो अध्यक्ष आज हाम्रा अगाडि एकजना महिला हुनुहुन्छ। ७२ सालको संविधानले महिलामैत्री संविधान बनायो। र हामीले प्रस्तावनामा नै, महिलाका बारेमा एकदमै हामी महिलामैत्री संविधानको प्रस्तावनामा नै बोलेको छ र हाम्रो अध्यक्ष अहिले महिला हुनुहुन्छ। महिलाको बारेमा सहमति खोज्न आउनुभएको भए हामी सहमत हुन सक्थ्यौं। अनि अर्को उम्मेदवार उठाउँदैन थियौं होला, मलाई त्यस्तो लाग्छ र हाम्रो पार्टीमा त्यस्तो छलफल पनि भएको थियो। र त्यो किन हुन सकेन? हामीले हाम्रो अभिभावक महिला नै खोजेका थियौं। दोस्रो दर्जामा मात्रै महिलालाई विश्वास गर्ने हाम्रो परिपाटीको म विरोध गर्छु। अर्को कुरा वल्लो घरको

नरे पल्लो घरमा सरे भन्ने नेपाली उखान छ नि एउटा, हाम्रो त्यही हो। पल्लो घरमा सरेर वल्लो घरको नरेले के गर्छ त, केही पनि गर्न सक्दैन। हाम्रो समस्याहरू के थिए, के छन् र के हुँदैछ भन्ने कुरा हामीले बुझेका छौं। हामीले नेपालको गरिबीलाई कसरी एउटा कार्यक्रम लिएर सरकार परिवर्तन हुन्छ नि, सुरुक्क लाएर रातारात सरकारमा जाने राजनीतिक दलका माननीय सदस्यज्यूहरूलाई पनि म निवेदन गर्छु, उहाँको पार्टीलाई पनि भन्छु, के के गर्छु, नेपाली जनतालाई भनेर यसरी सरकार परिवर्तन, हामी सरकारमा बस्न नपाएर भनेको होइन, कोही पनि सरकारमा जाँदाखेरि जनताप्रतिको एउटा विश्वास एउटा प्रतिबद्धता हुन्छ। के चाहिँ प्रतिबद्धताको आधारमा गइयो त, त्यो पनि छैन भनेपछि टाउको उही छ, शरीर परिवर्तन छ। ब्रेन त टाउकोमा हुन्छ नि, ब्रेनमा हुन्छ नि अनि के परिवर्तन होला त, त्यसले गर्दा हामीलाई चिन्ता लागेर भनेको सम्माननीय अध्यक्षज्यू, मलाई चिन्ता लागेर भनेको यो मुलुकले अब के गर्दैछ त, यहाँको गरिबी, यहाँको बेरोजगारी, यहाँको भ्रष्टाचार, यहाँको अनियमितता, त्यसको बारेमा के गर्दैछ? सडकमा रहेका मिटर ब्याजीहरूलाई के गर्दैछ? यी कुराहरूमा हामी आश्वस्त हुन पाउनु पर्यो। छिटो पाउनु पर्यो। हुन त प्रधानमन्त्रीले भोलि विश्वासको मत लिँदै हुनुहुन्छ। र विश्वासको मत दिँदै हुनुहुन्छ यहाँहरूले, दिनुभन्दा पहिला हामी पनि आश्वस्त हुन सकौं। र म फेरि युवराज शर्मालाई म सबै माननीयज्यूहरूसँग मत माग्दै र मत मागेको मात्रै होइन दिनुहुन्छ भन्ने विश्वास गर्दै मेरो भनाइ यहीँ अन्त गर्न चाहन्छु। धन्यवाद।

(१२:२१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य जगप्रसाद शर्मा। समय ३ मिनेट। त्यसपछि माननीय सदस्य भगवती न्यौपाने।

(१२:२१ बजे) **माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, यो गरिमामय राष्ट्रिय सभाको अभिभावकको निर्वाचन गर्न छान्न एउटा छलफल चलिरहेको छ। स्वभावैले यहाँ दुईटा प्रस्तावहरू पेश भएका छन्, मैले माननीय गोपीबहादुर अछामी सार्कीले प्रस्ताव गरेको माननीय नारायणप्रसाद दाहाललाई अध्यक्षमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको समर्थन गर्न चाहन्छु। र यो राष्ट्रिय, गरिमामय, राष्ट्रिय सभामा भएका सबै माननीय सदस्यहरूलाई उहाँको पक्षमा मतदान गर्नका निम्ति विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु। हामीलाई थाहा छ, हामी सबैले आत्मसात गरेको बुझेको कुरा हो। हाम्रो देश, हाम्रो राष्ट्र यतिबेला आर्थिक रूपमा एउटा सङ्कटबाट गुज्रिरहेको छ। राष्ट्रियताका हिसाबले पनि एउटा सङ्कटबाट गुज्रिरहेको छ। र मुख्यतः राजनीतिक हिसाबले पनि

एउटा सङ्कटबाट गुज्रिरहेको छ। सायद यो कुरालाई आत्मसात गरेर एउटा नयाँ कोर्स र नयाँ सहयात्राको थालनी भएको छ। यो राजनीतिक ढङ्गले सुरु भएको नयाँ सहयात्राले राजनीतिक सङ्कटको हल गर्छ। हामीले यो देशमा जुन लामो विगत २०/३० वर्ष, २५/३० वर्ष अगाडिदेखि जुन नेपालको अर्थतन्त्रको एउटा लय, बाटो र दिशा समात्यौं, त्यो दिशालाई बदलेर उत्पादनमा वृद्धि र रोजगारी सृष्टिको एउटा दिशा बनाएर अगाडि जाँदा नै यो देशको अर्थतन्त्रको सङ्कट हामीले समाधान गर्न सक्छौं। त्यस्तै नेपालका राजनीतिक दलहरू कमजोर हुने स्थिति जो पैदा भएको छ, यसलाई हल गर्नका निम्ति आखिरी मुख्यतः भएका नेपालका दलीय सिस्टममा राजनीतिक दलहरू बलियो भएर मजबुत भएर स्ट्रोङ भएर नै राष्ट्रियता बलियो हुने कुरा हो। अथवा समग्रमा देशले एउटा समृद्धिको, सुशासनको, सामाजिक न्यायको बाटोबाट अगाडि बढेर नै त्यो लक्ष्य हामीले प्राप्त गर्नसक्ने, पूरा गर्नसक्ने कुरा हो। तसर्थ बिग्रेको त केही पनि छैन, हाम्रो छलफल चलिराखेको छ, यो छलफलमै हामीले एउटा सहमति गर्न सक्छौं। तसर्थ हामीले विगतको इतिहासपट्टि सम्झेर हेर्दा मैले यतिखेर एउटा कुरा सम्झिराखेको छु। नेपालको लोकतन्त्रको, प्रजातन्त्रको एउटा विश्वेश्वरप्रसाद कोइराला ऊ त्यो सुन्दरी जलमा गएर आठ वर्ष जेल बस्ने कुरा र पछि राष्ट्रिय एकताको मेलमिलापको नीति ल्याएर आउने कुरा सायद त्यो मिलेको कुरा हो या धोकाको कुरा हो या चाहिँ त्यो गतिशीलताको कुरा हो। त्यो तत्कालिक परिस्थिति अथवा ठोस परिस्थितिको ठोस विश्लेषण गरेर लिएको कदम हो र एउटा गतिशीलता हो। त्यसकारण चाहे संविधानसभाको चुनाव, चाहे संविधान निर्माण, चाहे अहिले सुशासन, सामाजिक न्याय र समृद्धिको बाटोबाट अगाडि जाने एउटा नयाँ सङ्कल्प यात्रा सुरु गरेको कुरा धोका पनि होइन, यो कुनै नयाँ ढङ्गले जस्तो गतिमा गति दिने एउटा मनसायका साथ उद्देश्यका साथ अगाडि बढाएको कुरा हो। तसर्थ यो कुरालाई आत्मसात गर्नुपर्छ माननीय नारायण प्रसाद दाहालको पक्षमा यो राष्ट्रिय सभाका सबै माननीय सदस्यहरूले मतदान गरेर एउटा सहमतिको नयाँ यात्रा सुरु गरौं भन्ने कुरा म यहाँ राख्न चाहन्छु। धन्यवाद।

**(१२:२५ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य भगवती न्यौपाने। समय ३ मिनेट। त्यसपछि माननीय सदस्य उदय बहादुर बोहरा।

**(१२:२६ बजे)** **<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज हामी राष्ट्रिय सभाको अध्यक्षको निर्वाचनको प्रक्रियामा छौं। र हामी छलफल गरिरहेका छौं, म पनि अनुरोध गर्न चाहन्छु। आज हामीले राष्ट्रिय सभामा एउटा सन्देश दिन

सकौं। हामीले त्यस्तो इतिहास लेख्न सकौं। हामीले एकताबद्ध ढङ्गले सबैले सर्वसम्मत रूपमा मतदान गरेर निर्वाचित गर्न सकौं। र दुईजना माननीयज्यूहरू अध्यक्षको प्रत्याशी हुनुहुन्छ, दुवैजना माननीयज्यूहरूको प्रस्तावकको तर्फबाट माननीय नारायण प्रसाद दाहालको प्रस्तावकको तर्फबाट माननीय गोपीबहादुर आछामीले प्रस्ताव गर्नुभयो। र त्यस्तै गरेर माननीय युवराज शर्मालाई माननीय आनन्द प्रसाद ढुंगानाले प्रस्ताव गर्नुभयो। र समर्थकहरूले समर्थन गर्नुभयो। मेरो पार्टीको दलको नेताको तर्फबाट र अरु माननीयज्यूहरूबाट पनि समर्थन नारायण प्रसाद दाहाललाई अध्यक्ष पदमा निर्वाचित गरियोस् भनेर समर्थन गरिसक्नुभएको छ। म माननीय गोपी बहादुर अछामीले प्रस्ताव गर्नुभएको र मेरो दलको नेता माननीय देवेन्द्र दाहालज्यूले समेत सहित अरु माननीयज्यूहरूले पनि समर्थन गर्नुभएको अध्यक्ष पदका प्रत्याशी माननीय नारायण प्रसाद दाहाललाई समर्थन गर्दछु। र म निर्वाचित गर्नका निम्ति सम्पूर्ण माननीयज्यूहरूलाई हार्दिक अनुरोध पनि गर्न चाहन्छु। अघि नै पनि चर्चा चल्यो। संयुक्त गठबन्धन मुलुकमा यो भन्दा अगाडि अर्कै गठबन्धन थियो र त्यो गठबन्धनले यो देशका समस्याहरूलाई सम्बोधन गर्न सकेन। जनताको मुहारमा खुशीले स्पर्श दिन सकेन। त्यसैले देश दिन प्रतिदिन सङ्कटमा फस्दै गयो। सङ्कटग्रस्त बन्दै गयो। त्यसैले समयले प्रेसर गर्यो। समीकरण बदल्नुपर्ने छ भनेर किनभने त्यो समीकरण त्यो गठबन्धन विचारको निकटताको आधारमा भएको गठबन्धन थिएन। त्यसैले अब यो देशलाई सबै समस्याबाट मुक्त पार्नुपर्ने छ। त्यसका निम्ति यो देशमा समृद्धिको खाका कोर्नुपर्नेछ। समाजवादका आधारहरू निर्माण गर्नुपर्नेछ। समयले त्यही भनेर समीकरण बदलिएको छ। त्यसैले आज हाम्रो साझा उम्मेदवारको रूपमा अध्यक्षको साझा उम्मेदवारको रूपमा अहिले भएको समीकरणको साझा उम्मेदवारको रूपमा माननीय नारायण प्रसाद दाहाल हुनुहुन्छ अध्यक्षको उम्मेदवार उहाँलाई मतदान गरौं। फेरि पनि म जोड दिएर भन्न चाहन्छु हामी सबैले एउटा त्यस्तो सन्देश दिन सकौं। एउटा एकताको सन्देश दिन सकौं। एउटा त्यस्तो इतिहास लेखाउन पनि हामीले सकौं। सबैले सर्वसम्मत रूपमा उहाँलाई अध्यक्ष निर्वाचित गर्न सकौं। म यो कुरा अनुरोध गर्न चाहन्छु। धन्यवाद।

**(१२:३० बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य उदय बहादुर बोहरा। समय ३ मिनेट। त्यसपछि माननीय सदस्य तुलप्रसाद विश्वकर्मा।

**(१२:३० बजे)** **माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, राजनीतिक समीकरण फेरबदलका सँगसँगै हामी राष्ट्रिय

सभामा नयाँ अभिभावकको चयन गरेर अगाडि बढ्दैछौं। र यसमा दुईवटा प्रस्ताव अगाडि आएका छन् र स्वाभाविक रूपले मेरो पार्टीको दलको नेताले माननीय नारायण प्रसाद दाहालज्यूलाई समर्थन गरेको हुनाले स्वाभाविक रूपले मैले उहाँलाई निर्वाचित गर्न सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई आह्वान गर्दछु पहिलो कुरो। दोस्रो कुरो हामी पक्कै पनि यो राष्ट्रिय सभालाई नवनिर्वाचित हुने अध्यक्षज्यूले विगतमा यो राष्ट्रिय सभामा भूमिका निर्वाह गर्नुहुने गणेशप्रसाद तिमिल्सिनाज्यू, जो उहाँले एक खालको यो राष्ट्रिय सभालाई यसको ओज, यसको गरिमालाई उहाँले बढाएर जानुभएको छ। पक्कै पनि हाम्रा अनुभवी र निकै राजनीतिक रूपले खारिएका र परिष्कृत भएर यहाँ उम्मेदवार बन्ने माननीय सदस्य जो निर्वाचित भएर आउँदै हुनुहुन्छ, उहाँले पनि यो राष्ट्रिय सभाको गरिमा र ओजलाई अझ बढी निष्पक्ष र यसको ओजलाई अगाडि बढाउन पक्कै पनि उहाँको भूमिका रहनेछ भन्ने मैले आशा पनि गरेको छु र अन्त्यमा सम्माननीय अध्यक्षज्यू, फेरि पनि म माननीय नारायण प्रसाद दाहालज्यूलाई निर्वाचित गर्न सम्पूर्ण माननीय सदस्यहरूलाई आह्वान गर्दै बिदा हुन्छु। धन्यवाद।

(१२:३३ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य तुलप्रसाद विश्वकर्मा। समय ३ मिनेट।

(१२:३३ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा):-** सम्माननीय अध्यक्ष महोदय, आज हामी यो गरिमामय सभा राष्ट्रिय सभाको अध्यक्षको निर्वाचनको प्रक्रियामा छौं। हिजो एक खालको राजनीतिक परिस्थिति थियो। र त्यो परिस्थितिको अनुसार बनेको गठबन्धन भत्केको छ। मेरो नयाँ समीकरण भनेको छ। देशको राजनीतिक परिस्थितिमा जुन सङ्कट आएको थियो, प्रतिगमन रोक्नको लागि हिजोको गठबन्धन बनेको थियो। र आज देशमा प्रतिगमन सच्चियो कि सच्चिएन त्यो कुरो चाहिँ नि थाहा छैन। तर फेरि बदलियो गठबन्धन। हामीलाई लाग्छ देशमा अझै प्रतिगमनको खतरा छ। त्यसैले यो अहिले जुन चुनाव हुँदैछ, मलाई लाग्छ यो सहमतिको आधारमा हुनुपर्ने चुनाव हो। सायद नियमावलीले पनि सहमतिमै राष्ट्रिय सभाको अध्यक्ष चुन्ने कुरा गर्छ। तर यहाँ दुईजना उम्मेदवार खडा हुनुभएको छ तर सहमति हुन सकेन। देशको राजनीतिक स्थिति जहाँको त्यहीँ छ, हामीले सत्ता परिवर्तन गरिरहेका छौं। गठबन्धन गरिरहेका छौं र प्रजातान्त्रिक अभ्यास भनिरहेका छौं। त्यसैले हामीलाई दुःख लाग्छ कि यो गठबन्धन जुन भत्केर देशको स्थिति जहाँको त्यही छ। तेल्लाई सल्टाउनको लागि नयाँ गठबन्धनले काम गरोस् र यस्तो परिस्थितिमा हामीले दुवै पक्षमा भोट नहाल्ने निर्णय गरेका

छौं। र हामीले कतै पनि गठबन्धन, गठबन्धनमा चाहिँ हामीले भोट दिदैनौं। नो भोटको स्थितिमा छौं हामी। यही चाहिँ नि घोषणा गर्न चाहन्छु। र आगामी दिनमा देशको परिस्थितिलाई सबभन्दा माथि राखेर, पार्टीभन्दा माथि उठेर देशको राष्ट्रियता, जनतन्त्र, जनजीविका र जनताका जल्दाबल्दा समस्याहरूको बारेमा नवनिर्वाचित सभापतिहरूले जिम्मेवारी साथ काम गर्नुहुनेछ भन्दै मैले आफ्नो भनाइ यही टुंग्याउन चाहन्छु धन्यवाद।

(१२:३६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावहरूमाथिको सङ्क्षिप्त छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म, "माननीय सदस्य युवराज शर्मालाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावका प्रस्तावक माननीय सदस्य आनन्द प्रसाद ढुंगानालाई आफ्नो प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय दिन्छु।

(१२:३७ बजे) **माननीय श्री आनन्द प्रसाद ढुंगाना (नेपाली काँग्रेस)**ः- .....(आवाज नसुनिएको)। माइक छैन। ......(आवाज नसुनिएको) ।

(१२:३७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म, "माननीय सदस्य नारायण प्रसाद दाहाललाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावका प्रस्तावक माननीय सदस्य गोपी बहादुर सार्की आछामीलाई आफ्नो प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय दिन्छु।

(१२:३८ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, म मेरो आफ्नो तर्फबाट सम्माननीय अध्यक्ष पदको लागि निर्वाचित गरियोस् भन्ने माननीय नारायणप्रसाद दाहालको प्रस्ताव फिर्ता नलिने जानकारी गर्दछु। हस् त, धन्यवाद।

(१२:३८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, दुवै प्रस्तावका प्रस्तावकहरूले आफ्ना प्रस्तावहरू फिर्ता नलिनुभएकोले उक्त प्रस्तावहरूलाई राष्ट्रिय सभा नियमावली, २०७५ को

नियम ७ को उपनियम (४) बमोजिम क्रमशः निर्णयार्थ प्रस्तुत गरिने बेहोरा जानकारी गराउँछु। प्रस्तावमाथि निर्णय गर्दा दस्तखत सहितको मत विभाजनबाट निर्णय हुने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म, मत विभाजन गर्दा अपनाइने प्रक्रियाको सम्बन्धमा जानकारी गराउँछु। मत विभाजन गर्नुअघि सभाकक्षबाहिर हुनु भएका माननीय सदस्यहरूलाई सभाकक्षमा प्रवेश गर्ने मौका दिन ५ मिनेटसम्म विभाजन घण्टी बजाइनेछ। विभाजन घण्टी बजेपछि सभाकक्ष वाहिर रहनुभएका माननीय सदस्यहरू सभाकक्षभित्र प्रवेश गर्नु पर्नेछ। विभाजन घण्टी बन्द गरेपछि अध्यक्षको आसनको दायाँ र बायाँतर्फको उपकक्ष (लबी) खाली गराइनेछ। अध्यक्ष आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) स्थित माननीय सदस्यहरूको उपस्थिति कक्षतर्फका सम्पूर्ण ढोकाहरू तथा अध्यक्ष आसनको बायाँतर्फ रहेको अध्यक्षको निजी सचिवालय जाने लबीस्थित प्रवेश ढोका, लबीबाट बाहिर निस्कँने दुईवटा ढोकाहरू र सभाकक्षको पश्चिमतर्फ छेकबार लगाई बन्द गरिने छन्। उल्लिखित ढोकाहरू बन्द गरिएपछि मत सङ्कलन कार्य सम्पन्न नहुञ्जेलसम्म बाहिर रहेका माननीय सदस्यहरूलगायत कसैलाई पनि सभाकक्ष एवं उल्लिखित उपकक्ष (लबी) हरूमा प्रवेश गर्न र बाहिर जान दिइने छैन। अध्यक्ष आसनको दायाँ र बायाँतर्फ रहेका उपकक्ष (लबी) हरूमा माननीय सदस्यहरूको वर्णानुक्रमानुसारको नामावली राखिएका छन्। सभाध्यक्षबाट आदेश भएपछि प्रस्तावको पक्षमा रहनुहुने माननीय सदस्यहरू अर्थात् "हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरू अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको महलमा दस्तखत गर्नु पर्नेछ। प्रस्तावको विपक्षमा रहनुहुने माननीय सदस्यहरू अर्थात् "हुन्न" भन्ने पक्षका माननीय सदस्यहरू अध्यक्ष आसनको बायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ। माननीय सदस्यहरूलाई सहजीकरणका लागि उक्त स्थानहरूमा सचिवालयका कर्मचारीहरू रहनेछन्। कुनै माननीय सदस्यले आफ्नो मत सच्याउन चाहेमा मतदानको कार्य सकिएपछि माननीय सदस्यहरूलाई मत सच्याउने अवसर प्राप्त हुन्छ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने दुई वटा प्रस्तावहरूमध्ये माननीय सदस्य युवराज शर्मालाई राष्ट्रिय सभाको अध्यक्षको पदमा निर्वाचित गरियोस् भन्ने दर्ता क्रम अनुसारको पहिलो प्रस्तावलाई निर्णय प्रक्रियामा लैजान्छु।

माननीय सदस्यहरू, अब म ५ मिनेट विभाजन घण्टी बजाउन आदेश दिन्छु।

(५ मिनेटसम्म घण्टी बजेको)।

माननीय सदस्यहरू, अब म अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) स्थित माननीय सदस्यहरूको उपस्थिति कक्षतर्फका सम्पूर्ण ढोकाहरू तथा अध्यक्ष आसनको बायाँतर्फ रहेको अध्यक्षको निजी सचिवालय जाने लबीस्थित प्रवेश ढोका, लबीबाट बाहिर निस्कने दुईवटा ढोकाहरू र सभाकक्षको पश्चिमतर्फ छेकबार लगाई बन्द गर्न आदेश दिन्छु।

(ढोकाहरू बन्द गरिएको)।

माननीय सदस्यहरू, अब म "माननीय सदस्य युवराज शर्मालाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू, यस प्रस्तावको पक्षमा अर्थात् “हुन्छ” भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरूले अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला र प्रस्तावको विपक्षमा अर्थात् “हुन्न” भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरूले अध्यक्ष आसनको बायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला।

माननीय सदस्यहरू, प्रस्तावको पक्षमा अर्थात् “हुन्छ” भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरू अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

(माननीयहरू अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्षमा प्रवेश गर्नुभएको)।

माननीय सदस्यहरू, प्रस्तावको विपक्षमा अर्थात् “हुन्न” भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरू अध्यक्ष आसनको बायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

माननीय सदस्यहरू, बन्द गरिएका सबै प्रवेशद्वारहरू खोल्न आदेश दिन्छु।

(प्रवेशद्वारहरू खोलिएको)।

माननीय सदस्यहरू, आफूले दिएको मत कसैले सच्याउन चाहनु हुन्छ भने डायासमा आई आफ्नो मत सच्याउन सक्नुहुनेछ। आफ्नो मत सच्याउनको लागि माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, अब म "माननीय सदस्य युवराज शर्मालाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा भएको मत विभाजन प्रक्रियाबाट प्राप्त परिणाम घोषणा गर्दछु।

माननीय सदस्यहरू, यस प्रस्तावका सम्बन्धमा भएको मतदानमा उपस्थित माननीय सदस्यहरूको सङ्ख्या ५६ रहेको छ।

माननीय सदस्यहरू, माननीय सदस्य युवराज शर्मालाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा १७ मत र प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा ३९ मत प्राप्त भएको जानकारी गराउँछु।

माननीय सदस्यहरू, यस सभाका "माननीय सदस्य युवराज शर्मालाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको पक्षमा १७ मत परेको र उक्त सङ्ख्या राष्ट्रिय सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमत नभएकोले "माननीय सदस्य युवराज शर्मालाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म, "माननीय सदस्य नारायण प्रसाद दाहाललाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने दर्ता क्रम अनुसारको दोस्रो प्रस्तावलाई निर्णय प्रक्रियामा लैजान्छु। निर्णय गर्दा दस्तखत सहितको मत विभाजनबाट हुने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म, मत विभाजन गर्दा अपनाइने प्रक्रियाको सम्बन्धमा जानकारी गराउँछु। मत विभाजन गर्नुअघि सभाकक्ष बाहिर हुनु भएका माननीय सदस्यहरूलाई सभाकक्षमा प्रवेश गर्ने मौका दिन ५ मिनेटसम्म विभाजन घण्टी बजाइनेछ। विभाजन घण्टी बजेपछि सभाकक्ष वाहिर रहनुभएका माननीय सदस्यहरू सभाकक्षभित्र प्रवेश गर्नु पर्नेछ। विभाजन घण्टी बन्द गरेपछि अध्यक्षको आसनको दायाँ र बायाँतर्फको उपकक्ष (लबी) खाली गराइनेछ। अध्यक्ष आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) स्थित माननीय सदस्यहरूको उपस्थिति कक्षतर्फका सम्पूर्ण ढोकाहरू तथा अध्यक्ष आसनको बायाँतर्फ रहेको अध्यक्षको निजी सचिवालय जाने लबीस्थित प्रवेश ढोका, लबीबाट बाहिर निस्कने दुईवटा ढोकाहरू र सभाकक्षको पश्चिमतर्फ छेकबार लगाई बन्द गरिने छन्। उल्लिखित ढोकाहरू बन्द गरिएपछि मत सङ्कलन कार्य सम्पन्न नहुञ्जेलसम्म बाहिर रहेका माननीय सदस्यहरू लगायत कसैलाई पनि सभाकक्ष एवं उल्लिखित उपकक्ष (लबी) हरूमा प्रवेश गर्न र बाहिर जान दिइने छैन। अध्यक्ष आसनको दायाँ र बायाँतर्फ रहेका उपकक्ष (लबी) हरूमा माननीय सदस्यहरूको वर्णानुक्रमानुसारको नामावली राखिएका

छन्। सभाध्यक्षबाट आदेश भएपछि प्रस्तावको पक्षमा रहनुहुने माननीय सदस्यहरू अर्थात् “हुन्छ” भन्ने पक्षका माननीय सदस्यहरू अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ। प्रस्तावको विपक्षमा रहनुहुने माननीय सदस्यहरू अर्थात् “हुन्न” भन्ने पक्षका माननीय सदस्यहरू अध्यक्ष आसनको बायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ। माननीय सदस्यहरूलाई सहजीकरणका लागि उक्त स्थानहरूमा सचिवालयका कर्मचारीहरू रहनेछन्। कुनै माननीय सदस्यले आफ्नो मत सच्याउन चाहेमा मतदानको कार्य सकिएपछि माननीय सदस्यहरूलाई मत सच्याउने अवसर प्राप्त हुन्छ।

माननीय सदस्यहरू, अब म, ५ मिनेट विभाजन घण्टी बजाउन आदेश दिन्छु।

(५ मिनेटसम्म घण्टी बजेको)।

अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) स्थित माननीय सदस्यहरूको उपस्थिति कक्ष तर्फका सम्पूर्ण ढोकाहरू तथा अध्यक्ष आसनको बायाँतर्फ रहेको अध्यक्षको निजी सचिवालय जाने लबीस्थित प्रवेश ढोका, लबीबाट बाहिर निस्कने दुईवटा ढोकाहरू र सभाकक्षको पश्चिमतर्फ छेकबार लगाई बन्द गर्न आदेश दिन्छु।

(ढोकाहरू बन्द गरिएको)।

माननीय सदस्यहरू, अब म “माननीय सदस्य नारायण प्रसाद दाहाललाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू, यस प्रस्तावको पक्षमा अर्थात् “हुन्छ” भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरूले अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला र प्रस्तावको विपक्षमा अर्थात् “हुन्न” भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरूले अध्यक्षको आसनको बायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला।

माननीय सदस्यहरू, प्रस्तावको पक्षमा अर्थात् “हुन्छ” भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरू अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

(माननीयहरू अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्षमा प्रवेश गर्नुभएको)।

प्रवेश गर्न शुरु गरिसकेपछि, सरी माननीय सदस्यहरू सरी, कहिलेकाँही झुक्किन्छ। माननीय सदस्यहरू, प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरू अध्यक्षको आसनको बायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

(माननीयहरू अध्यक्षको आसनको बायाँतर्फ रहेको उपकक्षमा प्रवेश गर्नुभएको)।

माननीय सदस्यहरू, अब म, बन्द गरिएका सबै प्रवेशद्वारहरू खोल्न आदेश दिन्छु।

(प्रवेशद्वारहरू खोलिएको)।

माननीय सदस्यहरू, आफूले दिएको मत कसैले सच्याउन चाहनुहुन्छ भने ड्यासमा आई आफ्नो मत सच्याउन सक्नुहुनेछ। आफ्नो मत सच्याउनको लागि माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, अब म "माननीय सदस्य नारायण प्रसाद दाहाललाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा भएको मत विभाजन प्रक्रियाबाट प्राप्त परिणाम घोषणा गर्दछु।

माननीय सदस्यहरू, यस प्रस्तावका सम्बन्धमा भएको मतदानमा उपस्थित माननीय सदस्यहरूको सङ्ख्या ५६ रहेको छ।

माननीय सदस्यहरू, "माननीय सदस्य नारायण प्रसाद दाहाललाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ३९ मत र प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा १७ मत परेको छ।

माननीय सदस्यहरू, माननीय सदस्य नारायण प्रसाद दाहाललाई राष्ट्रिय सभाको अध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा ३९ मत परेको र उक्त सङ्ख्या राष्ट्रिय सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमत भएकोले "माननीय सदस्य नारायण प्रसाद दाहाललाई अध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोमा नवनिर्वाचित अध्यक्ष माननीय नारायण प्रसाद दाहाललाई म आफ्नो व्यक्तिगत र राष्ट्रिय सभाको तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

मानननीय सदस्यहरू, आजको कार्यसूचीको क्रम सङ्ख्या ४ मा रहेको विषयलाई कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल फागुन ३० गते बुधबार अपराह्न १ बजेर ९ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८० साल फागुन ३० गते बुधबार अपराह्न १ बजेर ९ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ)।

**स्थगितः- १३:२६ बजे।**